मधेश प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
मलंगवा, सर्लाही

फोन नं. : ०४६-५२००३०
Email : sarlahiakc@gmail.com
Website : sarlahi.akc.gov.np

पत्र सख्या : ०८३।०८४

सूचना नं. १४/२०८३-८४

मूल्य श्रृङ्खलामा आधारित व्यवसायिक टमाटर प्रवर्द्धन कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी विस्तृत सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०६/२३

यस कृषि ज्ञान केन्द्र, सर्लाहीको चालु आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"मूल्य श्रृङ्खलामा आधारित व्यवसायिक टमाटर प्रवर्द्धन कार्यक्रम"** रहेको हुँदा सो कार्यक्रम संचालन गर्न इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु संलग्न राखी निवेदन साथ प्रस्ताव पेश गर्न हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु:

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा सम्पूर्ण विवरण स्पष्ट रुपमा भरिएको प्रस्तावना फारम ।

२. कृषकको हकमा निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. कृषक समूह/कृषि सहकारी/फर्म/उद्यमि/कम्पनिको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा नवीकरण, आ. व. २०८२/८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि, स्थायी लेखा प्रमाणपत्र को प्रतिलिपि ।

४. कृषक समूह/कृषि सहकारी/फर्म/उद्यमि/कम्पनिको कार्यक्रम सञ्चालन सम्बन्धी संस्थाको निर्णयको प्रतिलिपि, अख्तियारी पत्र तथा संचालक समितिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

५ कृषकको हकमा कम्तिमा ५ कट्ठा, कृषि उद्यमी/फार्म/कृषक समुहको हकमा १ बिघा र कृषक सहकारीको हकमा ५ बिघा क्षेत्रफलमा खेति गरेको हुनु पर्ने।

६. जग्गा लिजमा लिएको अवस्थामा जग्गा धनी प्रमाणपत्र (लालपुर्जा) को प्रतिलिपि, जग्गाको कम्तीमा ५ वर्षको करारनामा पत्र तथा जग्गाधनीको नागरिकताको प्रतिलिपि ।

७. प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल र संलग्न कृषकहरूको जग्गाधनी पुर्जाको प्रतिलिपि तथा मालपोत तिरेको रसिद ।

८. टमाटर खेती गर्ने किसान/कृषक समूह/सहकारी/फार्म भनि सम्बन्धित वडा कार्यालय वा स्थानीय तहको कृषि शाखाको सिफारिस।

९. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट यस आर्थिक वर्ष वा विगत २ आर्थिक वर्ष भित्र अनुदान नलिएको, माग गरेको योजनाको लागत स्टिमेट, कार्य योजना, स्रोत सुनिश्चितता र आफ्नो लगानी अनुपातको प्रतिबद्धतापत्र/स्वघोषणापत्र लगायत अन्य आवश्यक कागजातहरु ।

सञ्चालन गर्न सकिने क्रियाकलाप/विषयगत क्षेत्र तथा अनुदानका शर्तहरु:

- उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम अन्तर्गत तालिम तथा क्षमता अभिवृद्धि, बीउ/बेर्ना, साना सिंचाई व्यवस्थापन, थोपा सिचाँई, यन्त्र उपकरणमा सहयोग, सुक्ष्म खाद्यतत्व, रोग तथा किरा व्यवस्थापनका लागि आई.पी.एम बिधिका सामग्रीहरु,संरक्षित संरचान(टनेल, ग्रिन हाउस,नेट हाउस आदि), उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन अन्तर्गत प्याकेजिङ्गका लागि केट, कार्टुन बक्स, प्रशोधन सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धी, प्रशोधन(अचार, केचअप, सस्, लगायत अन्य) को लागि यन्त्र उपकरण तथा पूर्वाधार निर्माण सहयोग, केराको उपउत्पादन (By product) प्रशोधनको (फाइबर, पेपर, प्राङ्गरिक मल लगायत) लागि यन्त्र उपकरण तथा पूर्वाधार निर्माण सहयोग र बजार प्रर्वद्धन कार्यक्रम अन्तर्गत ढुवानी (ई-लोडर), डिजिटल ब्यालेन्स, सङ्कलन केन्द्र निर्माण।
- यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट रकम र कार्यक्रम सञ्चालन कार्यविधि परिमार्जन/संशोधन, थप/घट भएमा सोही अनुसार हुनेछ ।
- गत आ. व. मा अनुदान नपाएका, उन्नत प्रविधि अवलम्बन गरेका व्यावसायिक खेती गर्ने, बढी लागत सहभागिता भएका व्यक्ति तथा संस्थालाई प्राथमिकता दिइनेछ ।
- रीत नपुगेका, म्याद नाघी प्राप्त भएका, झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बखत आवेदन रद्द हुनेछ ।
- रीत नपुगेका, पूर्ण रुपले फाराम नभरेको, औचित्य र आवश्यकता पहिचान नभएका प्रस्तावहरु छनौटका लागि समावेश/स्थलगत निरीक्षण गरिने छैन ।
- यो कार्यक्रम मूल्य श्रृङ्खलामा आधारित व्यवसायिक टमाटर प्रवर्द्धन कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३ र कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ (पहिलो संशोधन २०७७) मा व्यवस्था भए बमोजिम हुनेछ ।
- प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायत यस सूचनासँग सम्बन्धीत सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- कार्यालयले थप आवश्यक कागजात माग गर्न सक्ने छ, आवश्यक कागजात बुझाउन नसकेमा छनौट/सम्झौता/भुक्तानी गरिने छैन।

नोटः विस्तृत जानकारीको लागि, कृषि ज्ञान केन्द्र सर्लाही, बाली विकास अधिकृत श्री कविन्द्र सिंह ठगुन्ना (९७०२६२६४८९), कृषि अर्थ विज्ञ श्री ममता साह (९७६८६२५२३७) प्राविधिक सहायक श्री नवीन कुमार अधिकारी (९८४८२९११२७) लाई सम्पर्क गर्न सकिने छ । साथै कार्यक्रम संचालन सम्बन्धी विस्तृत सूचना यस कार्यालयको फेसबुक पेज र वेवसाइट https://sarlahi.akc.gov.np मा हेर्न सकिनेछ ।

कविन्द्र सिंह ठगुन्ना
बाली विकास अधिकृत (सातौं)

कमलदेव प्रसाद कुशवाहा
प्रमुख (दशौं तह)

CamScanner